# भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोलखा

## निर्माणकार्य सम्वन्धि वोलपत्र आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०१/०५ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका निर्माण कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मितिले निम्नानुसार तोकिएको मिति तथा समयमा नोटरी पव्लिकबाट प्रमाणित फर्म दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) तिरेको नगदी रसिद संलग्न गरी बोलपत्रसाथ पेश गर्नु पर्नेछ। बोलपत्र यस कार्यालयवाट उपलव्ध गराइने छ ।

वोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको संञ्चित खाता नं. १३००३००००००००४००१०१२ मा जम्मा गरी सो को भौचर पनि पेश गर्न सकिनेछ ।

३) E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्रमा अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन । E-Bidding का लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेगाना www.bolpatra.gov.np/egp मा गई विवरण भर्नु पर्नेछ ।

४) बोलपत्र पेश गर्दा खाम बाहिर सम्बन्धित निर्माण कार्यको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

५) कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउँदा खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भए बमोजिम यस कार्यालयमा आई वोलपत्र दर्ता गराउन सकिने छ ।

६) वोलपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको खाता न १३००३००००००००३०००११ मा जम्मा गरी सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति भन्दा पछाडिको मितिको हुनपर्ने छ ।

७) दर्ता हुन आएका वोलपत्र/ सिलवन्दी फारमहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछन् ।

१०) अन्य कार्यविधिहरु, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

११) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्बर ०४९-४२१४९१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | विवरण | अनुमानीत लागत (मु.अ.कर समेत), रु. | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम | वोलपत्र फारम खरिद अवधि | वोलपत्र फारम दाखिला अवधि | वोलपत्र खोल्ने समय |
|---|---|---|---|---|---|---|---|
| BMP/NCB/WORKS/2074-075/7 | भीमेश्वर प्रवेशद्धार | २८,६५,६०४/१२ | ३,०००/ | रु ८०,०००/ (१२० दिन म्याद भएको) | सूचना प्रकाशन मितिको ३० औ दिनको कार्यालय समय भित्र | सूचना प्रकाशन मितिको ३१ औ दिनको १२ वजे सम्म | ३१ औ दिनको २.०० वजे |